अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र


खण्डः ५ | संख्याः ८ | मितिः २०७८/०६/२४


**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७८ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७८

**प्रस्तावना :**

शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.न. १३ मिति २०७७/०४/१६, च.न. ३९ मिति २०७७/०६/११ र च.न. १८० मिति २०७७/१२/३० को दरवन्दी मिलान तथा ब्यवस्थापन सम्बन्धी पत्रानुसार र सोही केन्द्रको शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६, शिक्षा ऐन, २०२८ को दफा ११ को (५) (च) तथा शिक्षा नियमावली, २०५९ को नियम ९२ को अनुसूची १२ बमोजिम अजिरकोट गाउंपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुका स्विकृत प्राप्त प्राथमिक तहको शिक्षक दरवन्दी मिलान देहाय बमोजिमको आधारमा शिक्षक दरवन्दी मिलान र शिक्षक व्यवस्थापन कार्यन्वयन गर्न वाञ्छानीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ञ. (२) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७८ अजिरकोट गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७८ आश्विन २४ गतेको बैठकले स्वीकृत गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम शिक्षक दरबन्दी (मिलान र व्यवस्थापन) कार्यविधि, २०७८ रहेको छ ।

(ख) यो कार्यविधि अजिरकोट गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) **"शिक्षा शाखा"** भन्नाले अजिरकोट गाउंपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

ख) **"ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ ।

ग) **“नियमावली**” भन्नाले शिक्षा नियमावली २०५९ लाई सम्झनु पर्छ ।

घ) **“गाउँ शिक्षा समिति”** समिति भन्नाले अजिरकोट गाउँपालिको गाउँ शिक्षा समितीलाई सम्झनु पर्छ **।**

ङ) **“अध्यक्ष”** भन्नाले अजिरकोट गाउँपालिकाको अध्यक्षलाई  सम्झनु पर्छ ।

च) **“गाउँ शिक्षा समितिको संयोजक”** भन्नाले अजिरकोट गाउँपालिकाको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिलाई सम्झनु पर्छ ।

छ) **“प्रमुख प्रशासकिय अधिकृत”** भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

ज) **“शिक्षा अधिकृत”** भन्नाले  अजिरकोट गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्छ ।

झ) **“स्थानीय तह”** भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्छ ।

ञ) **“प्रधानाध्यापक”** भन्नाले सामुदायिक विद्यालयको प्रधानध्यापक वा प्रधानध्यापकको जिम्मेवारी तोकेको शिक्षक सम्झनु पर्छ ।

ट) **“विद्यालय”** भन्नाले प्रचलित विद्यालयलाई कानुन बमोजिम अनुमति वा स्वीकृत लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

ठ) **“शिक्षक”** भन्नाले नपाल सरकारबाट स्वीकृत दरबन्दी, राहत र अनुदानमा कार्यरत सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुलाई सम्झनु पर्छ ।

ड) **“दरबन्दी”** भन्नाले सामुदायिक विद्यालयमा प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ सो शब्दले राहत, अनुदान कोटा समेतलाई जनाउँछ ।

## परिच्छेद-२

## शिक्षक दरबन्दी मिलान सम्बन्धि व्यवस्था

**३. शिक्षक दरबन्दी मिलान : शिक्षक दरबन्दी मिलान देहायको अधारमा गरिनेछ ।**

क) शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयले यस अजिरकोट गाउँपालिकाको सामुदायिक बिद्यालयवाट कटौती पश्चात स्थानान्तरण (बाहिरीने) भई बाँकी खुद पुल दरबन्दीमा मिति २०७८ साल पुस २० गते सम्म अनिवार्य अवकाश हुने स्थायी शिक्षकहरु लाई खुद पुल दरबन्दीमा कायम गरीने छ र प्राथमिक तहको दरबन्दी कटौती हुने शिक्षकको नियुक्ति

मितिको अधारमा कनिष्ठ राहत, करार र स्थायी पुरुष तथा महिला शिक्षकलाई अजिरकोट गाउँपालिकामा पुल दरबन्दी कायम गरी हाल लाई दरबन्दी कटौती भई दरबन्दी थप हुने प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको पुल दरबन्दीमा राखीने छ ।

ख) यस अजिरकोट गाउँपालिकाको प्राथमिक स्तरको शिक्षक दरबन्दी मिलान गर्दा शिक्षा तथा मानव स्रोत बिकास केन्द्रमा प्रविष्टीकरण भएको २०७५ साल कार्तीक २३ गते सम्मको बिद्यार्थी संख्याको आधारमा गरीने छ ।

ग) प्राथमिक तहको दरबन्दी कटौती गर्दा र थप गर्दा प्राथमिक तहका बिद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सो भन्दा वढी बिद्यार्थी भएमा कम्तीमा ३ जना शिक्षक संख्या कायम गरीने छ । नियमावलीको अनुसूची १२ (ग) र (घ) ले तोके अनुसार कक्षा १ देखी कक्षा ८ सम्म सञ्चालित बिद्यालयमा प्राथमिक तहका शिक्षक कम्तीमा ३ जना र  कक्षा १ देखी कक्षा १० सम्म सञ्चालित बिद्यालयमा प्राथमिक तहका शिक्षक कम्तीमा ३ जना शिक्षक रहने छ ।. प्राथमिक तहमा वढी भएको शिक्षक दरबन्दी नियमावलीले तोके अनुरुप विषय र योग्यताको आधारमा निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा काज खटाइने छ ।

घ)  निम्न माध्यमिक र माध्यमिक तहमा दरबन्दी कम भएका विद्यालयमा शिक्षक काज खटाउदा योग्यता र बिषयको आधारमा खटाइने छ  ।

ङ) निम्न माध्यमिक तह कक्षा १-८ सम्म सञ्चालन भएको बिद्यालयमा कम्तीमा ७ जना शिक्षक रहने छ ।

च) माध्यमिक तह कक्षा १-१० सम्म सञ्चालन भएको बिद्यालयमा कम्तीमा १२ जना शिक्षक रहने छ र माध्यमिक तह कक्षा १-१२ सम्म सञ्चालन भएको बिद्यालयमा कम्तीमा १५ जना शिक्षक रहने छ ।

छ) शिक्षक दरबन्दी कटौती र थप गरी मिलान गर्दा अजिरकोट गाउँपालिकाको ५ वटै वडाका बिद्यालयका शिक्षकलाई जुन सुकै वडाका बिद्यालयमा सरुवा तथा काज सरुवा गरी पठाउन सकिने छ ।

ज) लामो समयदेखी घर अपायक बिद्यालयमा रहेका महिला शिक्षक वा प्र.अ लाई सकेसम्म घर पायक पर्ने बिद्यालयमा सरुवा तथा काज सरुवा गरीने छ । यसरी महिला शिक्षक वा प्र.अ.लाई सरुवा तथा काज सरुवा गर्दा केही घर पायकका बिद्यालयमा बसेका पुरुष शिक्षक वा प्र.अ. लाई हालको भन्दा केही टाढाको बिद्यालयमा सरुवा तथा काज सरुवा गरी पठाईन सकिने छ ।

झ) शिक्षक दरबन्दी मिलानको कममा कनिष्ट महिला शिक्षकलाई सकेसम्म घरपायक पर्ने बिद्यालयमा सरुवा तथा काज सरुवा गरी पठाउन सकिने छ ।

ञ) शिक्षक दरबन्दी मिलान गर्दा दृष्टिविहिन, अपाङ्ग महिला वा पुरुष शिक्षकलाई अर्को बिद्यालयमा सरुवा तथा काज सरुवा गरीने छैन ।

ट) शिक्षक दरबन्दी मिलान गर्दा नियमावली २०५९ को नियम ९१ को उपनियम १ वमोजिम महिला शिक्षकको दरबन्दीलाई मध्ये नजर गरी कनिष्ट राहत अनुदान, करार र स्थायी महिला शिक्षक भएपनि पुल दरबन्दीमा राखिने छैन र सरुवा तथा काज सरुवा समेत गरिने छैन । यस्तो अवस्थामा शिक्षकलाई सरुवा तथा काज सरुवा गर्दा नीज पछिको ज्येष्ठ पुरुष शिक्षक वा प्र.अ. लाई अर्को दरबन्दी थप हुने बिद्यालयमा सरुवा तथा काज सरुवा गरी पठाइने छ तर एक भन्दा बढी महिला शिक्षक कार्यरत रहेको विद्यालयमा कनिष्ट महिला शिक्षकलाई सरुवा तथा काज सरुवा गरिने छ ।

ठ) दरबन्दी मिलानका क्रममा दरबन्दी कटौती भएको बिद्यालयबाट उपल्लो तहमा शिक्षक नपुग हुने बिद्यालयमा शिक्षक व्यवस्थापन गर्दा शिक्षकलाई पुलमा राखी काज खटाईने छ । शिक्षक सरुवा काज खटाउँदा घर पायक मिलाउन १ देखि ३ जना सम्म शिक्षकको काज सरुवा गर्न सकिने छ ।

ड) शिक्षकको पुल दरबन्दी कायम गर्दा बिद्यालयगत शिक्षकको कनिष्ट नियुक्ती मितिको आधारमा गरीने छ तर नियुक्ति मिति एउटै भएको अवस्थामा सोहि तहको अस्थाई वा करार सेवाको अविछिन्न सेवालाई गणना गरि कनिष्टताको अधारमा राखिने छ सो पनि नभए जन्म मितिको आधारमा कनिष्ट शिक्षकलाई पुल दरबन्दीमा राखी काजमा खटाइने छ ।

ढ) दरबन्दी कटौती भई पुल दरबन्दी कायम भएका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकहरुलाई आवश्यकता हेरी एकै पटक वा पटक पटक गरी शिक्षक नपुग हुने बिद्यालयमा काज सरुवा गरी पठाउन सकिने छ ।

ण) लामो समय देखि घर अपायक बिद्यालयको प्राथमिक तहको दरबन्दीमा रही निम्न माध्यमिक र माध्यमिक तहमा अध्यापन गराउदै आएका नेपाली/अंग्रेजी /गणित/बिज्ञान र अन्य बिषयका शिक्षकलाई घरपायक काज सरुवा हुन चाहने त्यस्ता शिक्षकलाई हालको बिद्यालयको निम्न माध्यमिक र माध्यमिक तहमा दरबन्दी मिलानको क्रममा तत् तत् बिषयगत शिक्षकको व्यवस्थापन गरीने छ ।

त) शिक्षक दरबन्दी कटौती भएका बिद्यालयका करार र स्थायी पुरुष शिक्षक वा पुरुष प्र.अ.लाई सकेसम्म घरपायकको बिद्यालयमा र सो सम्भव नभए गाउँपालिका भित्रका जुन सुकै बिद्यालयमा सरुवा तथा काज सरुवा गरी पठाउन सकिने छ ।

थ) दरबन्दी मिलानको क्रममा शिक्षकको काज सरुवा गर्दा बि.व्य.स. तथा बिद्यालयको सहमति बिना नै गर्न सकिने छ ।

द) शिक्षक दरबन्दी मिलान गर्दा शिक्षा नियमावलीले व्यवस्था गरे बमोजिम प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा बिषयगत र तहगत शिक्षक कटौती हुने दरबन्दी र थप हुने शिक्षक दरबन्दी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गरीने छ ।

ध) शिक्षक दरबन्दी मिलानको क्रममा सरुवा तथा काज सरुवा भई जाने महिला प्र.अ. वा पुरुष प्र.अ.को स्थानमा सकेसम्म उपल्लो योग्यता भएका शिक्षकलाई सरुवा तथा काज सरुवा गरीने छ ।

न) राहत अनुदान कोटाका शिक्षकलाई दरबन्दीका रुपमा नै दरबन्दी मिलानमा समावेश गरीनेछ ।

प) दरबन्दी मिलान गर्दा कक्षा (१-३), कक्षा (४-५), कक्षा (६-८), कक्षा (९-१०)र कक्षा ( ११-१२) मा अध्ययनरत बिद्यार्थी संख्याका आधारमा शिक्षक बिद्यार्थी अनुपात मिलाई दरबन्दी मिलान गरीने छ ।

फ) दरबन्दी मिलान कार्यबिधि-२०७६, भन्दा पछि अनुमति प्राप्त गरी तह बृद्धि भई कक्षा सञ्चालन गरीएका निम्न माध्यमिक र माध्यमिक तहका बिद्यालयहरुका हकमा बिभागको IEMIS मा प्रविष्टिकरण भएका बिद्यार्थी संख्या - २०७७ का आधारमा र निम्न माध्यमिक र माध्यमिक तहमा नपुग भएको विषयगत शिक्षक दरबन्दीमा पुल दरबन्दीमा रहेका शिक्षकलाई काजमा खटाउन सकिने छ ।

## परिच्छेद - ३

## शिक्षक दरवन्दी मिलानका नीतिगत व्यवस्था

(क) नियमावलीले हिमाल पहाड तथा तराईको लागि कायम गरेको शिक्षक विद्यार्थी संख्या अनुपातमा सो नियमावलीको अनुसूची १२ मा उल्लेख भएको विद्यालयमा रहनुपर्ने शिक्षक दरवन्दीका आधारमा सम्वत् २०७५ साल फाल्गुन २३ गतेसम्म अनलाईन प्रणालीबाट भरिएको शैक्षिक तथ्याङ्क तथा विद्यालयका विद्यार्थी संख्या र हिमाल, पहाड, तराईका लागि शिक्षक विद्यार्थी संख्या अनुपात क्रमश ४०, ४५ र ५० लाई गाउँपालिकाको शिक्षकको मौजुदा अवस्था र आवश्यकता पहिचानका आधारमा गरिने छ ।

(ख) दरवन्दी मिलान गर्दा साविकमा रहेको प्राथमिक तह (कक्षा १-५ सम्म), निम्न माध्यमिक तह (कक्षा ६-८ सम्म), माध्यमिक तह (कक्षा ९-१० सम्म) र उच्च माध्यमिक तह (कक्षा ११-१२ सम्म) लाई आधार मानी गरिने छ ।

(ग) दरवन्दी मिलान गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक तह (महिला शिक्षक परियोजना समेत), निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको दरवन्दी, राहत अनुदानलाई समेत गणना गरिने छ ।

(घ) शिक्षक आवश्यकताको पहिचान गर्दा यस गाउँपालिकामा वित्तीय हस्तान्तरणको प्रयोजनको लागि साविकका जिल्ला शिक्षा समितिले विद्यालयमा बाँडफाँड गरेको दरवन्दीलाई आधार मानेर साविकको जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराएको गाउँपालिका भरीको शिक्षक दरवन्दी प्राथमिक तह तर्फका दरवन्दी कतिपय विद्यालयमा बचत हुन आउने र निम्न माध्यमिक तथा माध्यमिक तहको प्राय सबै विद्यालयमा दरवन्दी अपुग हुने र आवश्यक संख्यामा दरवन्दी स्विकृत हुन नसक्दा सम्म अपुग हुने दरवन्दी हाल प्राथमिक तहमा बढी हुन आउने दरवन्दीबाटै पूर्ति गरिने छ ।

(ङ) कुनै विद्यालयमा माथिल्लो तहमा दरवन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरवन्दी एकमुष्ठ गणना गरी नियमावली बमोजिम न्यूनतम दरवन्दी सुनिश्चित (कायम) गरी विद्यालयगत दरवन्दी मिलान गरिने छ ।

(च) दरवन्दी मिलान गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरिय शिक्षा प्रवद्धनमा जोड दिन विद्यालयमा बढी भएको शिक्षक दरवन्दी गाँउपालिकामा पुलमा राखी मिलान गरिने छ ।

छ) दरबन्दी मिलानको क्रममा सरुवा तथा काज सरुवा गरी खटाइएको शिक्षकलाई सम्बन्धित विद्यालयरुका प्र.अ. ले अनिवार्य रुपमा रमाना दिनुपर्नेछ र खटीएको शिक्षकले प्रचलित कानुन वमोजिम अनिवार्य रुपमा खटाइएको विद्यालयमा हाजिर हुन जानु पर्नेछ साथै सरुवा/काज सरुवा गरी खटाइएको शिक्षकहरुलाई सम्बन्धित विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

ज) प्राथमिक तहमा बढी भएको दरबन्दीका शिक्षकलाई अजिरकोट गाउँपालिकाको पुलमा रहने गरी निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहका दरबन्दी पूर्ती नभए सम्मका लागी निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा काजमा खटाईने छ ।

## परिच्छेद - ४

## पुलमा रहेको दरवन्दी व्यवस्थापन

(क) ऐन तथा नियमावलीमा तोकिए वमोजिमको हिमाल, पहाड, तराई र उपत्यकाका विद्यालयमा कायम शिक्षक विद्यार्थी अनुपात र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत आधारमा बढी भएको शिक्षक दरवन्दीलाई पुल दरवन्दी सम्बन्धी व्यवस्था परिच्छेद, ३ को (क) बमोजिम पुल दरवन्दीको रुपमा राखिनेछ ।

(ख) माथिल्लो तहमा गणना हुने पुल दरवन्दीलाई परिच्छेद ३ को (क) बमोजिम सो विद्यालय तथा निम्न माध्यमिक, माध्यमिक (कक्षा ११ र १२ समेत) तहका शिक्षक दरवन्दी

अपुग भएको अवस्थामा यसरी बाँकी भएको पुल दरवन्दी मध्ये माथिल्लो तहमा आवश्यक हुने दरवन्दी समेतलाई गणना गरीने छ।

(ग) खुद पुल दरवन्दी सम्बन्धी व्यवस्था परिच्छेद २ र ३ (क) बमोजिम कायम भएको पुल दरवन्दीमा माथिल्लो तहमा शिक्षक अपुग भएमा परिच्छेद ४ (क) बमोजिम माथिल्लो तहमा गणना हुने पुल दरवन्दी कट्टा गरी वचत हुन आउने दरवन्दीलाई खुद पुल दरवन्दी मानिने छ।

## परिच्छेद- ५

## विविध

१. यस अजिरकोट गाउँपालिकाको प्राथमिक तहको साविकको दरवन्दी ११४ र राहत अनुदान १७ गरी जम्मा १३१ दरवन्दी रहेकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले कायम गरेको खुदपुलको १८ वटा दरवन्दी कट्टा भई ११३ वटा दरवन्दी बाँकी रहने देखिन्छ। २०७५ साल कार्तिक २३ सम्मको प्राथमिक तहको (कक्षा १-५) मा प्रविष्टिकरण भएको विद्यार्थी संख्या १४०८, नि.मा. वि तहको कक्षा ६-८ मा १००८ र माध्यमिक तहको कक्षा ९-१० मा ५९४ र उच्च माध्यमिक तहको कक्षा ११-१२ मा १६२ जना विद्यार्थी संख्या रहेकोमा विद्यार्थी शिक्षक अनुपात क्रमश प्राथमिक तहमा १:११, नि.मा.वि तहमा १:३५, मा.वि तहमा १:३१ र उ.मा.वि मा १:२३ देखिएको र नियमावलीले तोकिएको प्राथमिक तहको न्यूनतम दरवन्दी कायम गर्दा ७३ वटा दरवन्दी कायम हुन गएको र बाँकी खुद पुल दरबन्दी ३ समेत गरी ४३ वटा प्राथमिक तहको दरवन्दी पुलमा राखी त्यसलाई माथिल्लो तहको नि.मा.वि, माध्यमिक र उच्च माध्यमिक तहको दरवन्दी नपुग भएका विद्यालयमा प्राथमिक तहका पुल दरवन्दी कायम गरिएको र नि.मा.वि तहमा २९ वटा, माध्यमिक तहमा १९ वटा र उच्च माध्यमिक तहमा ७ वटा गरी ५५ वटा दरवन्दी हाल विद्यालयमा रहेको देखिन्छ। दरबन्दी मिलानको कममा प्राथमिक तहमा पुल दरबन्दीमा रहेका ४० (खुद पुल बाहेक) दरबन्दीका शिक्षकहरु मध्ये निम्न माध्यमक, माध्यमिक र उच्च माध्यमिक तहमा शुन्य दरबन्दी तथा कम दरबन्दी भएका विद्यालयमा निम्न माध्यमक, माध्यमिक र उच्च माध्यमिक तहमा कार्यविधि अनुसार आवश्यक शिक्षकहरुलाई सके सम्म योग्यता र विषय मिल्दो गरी शिक्षकलाई काजमा खटाउन पर्ने देखिन्छ।

२. यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुन सँग बाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

३. यो कार्यविधि लागू हुनुभन्दा पहिले संघीय तथा प्रदेश कानून बमोजिम अजिरकोट गाउँपालिका भित्र सम्पन्न शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन यसै कार्यविधि बमोजिम भएको मानिने छ।

आज्ञाले,

नामः भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत